आज मिति २०८२ साल कार्तिक महिनाको २७ गतेका दिन लुङ्ग्री गाउँपालिकाका अध्यक्ष श्री भरत कुमार थापाज्यूको अध्यक्षतामा यस लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालय भवनमा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहायका पदाधिकारीहरुको उपस्थितिमा तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायका निर्णय गरियो ।

समयः अपराह्न १२:०० बजे

बैठक संख्याः ५

उपस्थितिः

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत कुमार थापा | गा.पा. अध्यक्ष | |
| २ | श्री दिल कुमारी गुरुङ | गा.पा. उपाध्यक्ष | |
| ३ | श्री गणेश पुन | सदस्य | |
| ४ | श्री अमृत घर्तीमगर | सदस्य | |
| ५ | श्री नेम बहादुर खड्का क्षेत्री | सदस्य | |
| ६ | श्री विरबल खड्का | सदस्य | |
| ७ | श्री रिख बहादुर रोका | सदस्य | |
| ८ | श्री जोख बहादुर बुढाथोकी | सदस्य | |
| ९ | श्री हिरा बहादुर पुनमगर | सदस्य | — |
| १० | श्री गौना बिष्ट क्षेत्री | सदस्य | गौना |
| ११ | श्री इशा वि.क. | सदस्य | इशा |
| १२ | श्री चन्द्रमा खड्का | सदस्य | चन्द्रमा |
| १३ | श्री दिल कुमारी गुरुङ पुनमगर | सदस्य | — |
| १४ | श्री छबिलाल कामी | सदस्य | — |
| १५ | श्री पवित्रा कामी | सदस्य | पवित्रा |
| १६ | श्री नर बहादुर पुन | ७ नं. का.बा.वडा अध्यक्ष | नरे |
| १७ | श्री अनिल रिजाल | सदस्य सचिव | |
| सहयोगी कर्मचारीहरुः | | | |
| १८ | नैपेन्द्र बुढाथोकी | प्रशासन शाखा प्रमुख | |
| १९. | धर्मबहादुर बिष्ट | शिक्षाशाखा प्रमुख | |
| २०. | सुन्दर बहादुर घर्ती | रोजगार संयोजक | |
| २१. | [illegible] | का०स० | |
| २२. | महादेव गुरुङ | ॥ | महादेव |
| २३ | [illegible] | ॥ | |

# २०८२/०८३ को ५औं (पाचौं) गाउँकार्यपालिका बैठकका निर्णयहरु:

(मिति २०८२/०७/२७)

| प्रस्ताव नं | विषय | प्रस्तावको संक्षिप्त विवरण | निर्णय |
|---|---|---|---|
| १ | कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा : | आ.व.२०८२/८३ को आरम्भ कार्यपालिका बैठक सम्पन्न भएको ४ सो कार्यपालिकाबाट भएका निर्णयहरु सम्बन्धमा छलफल गरी समिक्षा गर्ने सम्बन्धमा। | वर्ष २०८२/०८३ को लुङ्ग्री गाउँ कार्यपालिकाको चार बैठक सम्पन्न भएको र त्यसले गरेका निर्णयहरु हालसम्म कार्यान्वयन भईरहेको पाइयो साथै कार्यपालिकाले गरेका निर्णयहरुलाई यथासम्भव सहि ढंगबाट कार्यान्वयनमा लगिने। |
| २ | विविध सम्बन्धमा। | | |
| २.१ | कार्यविधि सम्बन्धमा। | लुङ्ग्री गाउँपालिकाको कार्यालयमा प्रयोग हुने सवारी साधनलाई व्यवस्थित रुपमा सञ्चालन गर्न तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्नका लागि कार्यविधि आवश्यक भएको। | लुङ्ग्री गाउँपालिकाको कार्यालयमा प्रयोग हुने सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२" देहाय बमोजिम पारित गर्ने। |
| २.२ | कार्यविधि संसोधन सम्बन्धमा। | लुङ्ग्री गाउँपालिकाको एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि २०७७ कार्यान्वयनमा रहेको छ सो सम्बन्धमा कार्यविधिको दफा ८ संशोधन गर्न आवश्यक भएको। | लुङ्ग्री गाउँपालिकाको एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि २०७७ को दफा ८ को उपदफा २ को सट्टा देहाय बमोजिम रहने गरि पारित गर्ने। |

*एम्बुलेन्स चालकले उपदफा (१) बमोजिम पाउने पारिश्रमिक बाहेक जिल्ला बाहिर एम्बुलेन्स सञ्चालन भएको अवधिमा प्रति ट्रिप संकलन भएको राजश्वको १५(पन्ध्र) प्रतिशत थप भत्ता खाजा खाना तथा आवास खर्च बापत पाउनेछ। साथै जिल्ला बाहिर निःशुल्क एम्बुलेन्स सञ्चालन भएको अवधिको नियमानुसार १ दिनको दैनिक भ्रमण भत्ता रकम पाउनेछ।*

| | | | |
|---|---|---|---|
| २.३ | कार्यविधि संसोधन सम्बन्धमा | लुङ्ग्री गाउँपालिकाको अटो तथा ई रिक्सा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०८० हाल कार्यान्वयनमा रहेको छ सो कार्यविधिको दफा ३ मा संशोधन गर्न आवश्यक भएको। | लुङ्ग्री गाउँपालिकाको अटो तथा ई-रिक्सा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०८० को दफा ३ को (१) को प्रकरण (ङ) हटाउने तथा प्रकरण (च) को सट्टा स्थानीय प्रहरी कार्यालयको इजाजत रहने गरि संशोधन गर्ने। |
| २.४ | गाउँ शिक्षा समितिको बैठकले गरेका निर्णय सम्बन्धमा | लुङ्ग्री गाउँपालिकाको गाउँ शिक्षा समितिको बैठक मिति २०८२/०७/२६ गते बसेको थियो। उक्त समितिले पारित गरेका निर्णयहरु कार्यपालिकाबाट अनुमोदन गराउन आवश्यक रहेको। | लुङ्ग्री गाउँपालिकाको गाउँ शिक्षा समितिको आव २०८२/०८३ को पहिलो बैठक बसी पारित गरेका निर्णयहरुलाई गाउँ कार्यपालिकाबाट अनुमोदन गर्नुपर्ने भएकोले उक्त समितिको निर्णय अनुमोदन गर्ने। |

# २०८२/०८३ को ५[औं] (पाचौं) गाउँकार्यपालिका बैठकका निर्णयहरु:

(मिति २०८२/०७/२७)

| | | | |
|---|---|---|---|
| २.५ | संघीय विशेष अनुदान बजेटको बाँडफाँड सम्बन्धमा | लुङ्ग्री गाउँपालिकाको आ.व. २०८२/८३ को लागि विनियोजन भएको संघीय विशेष अनुदान अन्तर्गतको लुङ्ग्री गाउँपालिकाको शिक्षा क्षेत्र सुधारको लागि परियोजना अन्तर्गत एकमुष्ट बजेट परेको र गाउँ शिक्षा समितिले कार्यपालिकाबाट बाँडफाँड गर्ने भनी निर्णय भई आएकोले कार्य सम्पादन गर्नका लागि क्षेत्र विनियोजन गर्नुपर्ने भएको | लुङ्ग्री गाउँपालिकाको आ.व. २०८२/८३ को लागि विनियोजन भएको विशेष अनुदान अन्तर्गतको लुङ्ग्री गाउँपालिकाको शिक्षा क्षेत्र सुधारको लागि परियोजना अन्तर्गतको एकमुष्ट बजेट पालिकाले पेश गरेको प्रस्तावना अनुसार विभिन्न १५ कार्यक्रमलाई संगोटी तपसिल उल्लेख भए बमोजिम विनियोजन गर्ने। |
| २.६ | दरबन्दी भन्दा बाहिरका अस्थायी, करार र ज्यालादारी कर्मचारीहरुको आवश्यकता मूल्याङ्कन समितिको प्रतिवेदन कार्यान्वयन सम्बन्धमा | अर्थ मन्त्रालयको मिति २०८२०६०८ गते सबै सरकारी तथा सार्वजनिक निकायहरुलाई गरेको परिपत्रमा दरबन्दी भन्दा बाहिरका कर्मचारीहरु हटाउने भनी निर्णय गरेको अवस्था छ। सो सन्दर्भमा लुङ्ग्री गाउँपालिका प्रमुख प्रशासकिय अधिकृतद्वारा लुङ्ग्री गाउँपालिकामा कार्यरत दरबन्दी भन्दा बाहिरका अस्थायी, करार र ज्यालादारी कर्मचारीहरुको आवश्यकता मूल्याङ्कन समिति गठन गरिएको थियो। उक्त समितिले प्रतिवेदन दिएको छ। सो प्रतिवेदनलाई कार्यान्वयन गर्नुपर्ने भएको। | लुङ्ग्री गाउँपालिका अन्तर्गतका दरबन्दी भन्दा बाहिरका अस्थायी, करार र ज्यालादारी कर्मचारीहरुको आवश्यकता मूल्याङ्कन समितिले दिएको प्रतिवेदन देहाय बमोजिम रहेको छ। जसलाई अनुमोदन गरी कार्यान्वयन गर्ने। |
| २.७ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गरिबी निवारण कोष अभिलेख व्यवस्थापन कार्यक्रमको पत्र कार्यान्वयन सम्बन्धमा | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गरिबी निवारण कोष अभिलेख व्यवस्थापन कार्यक्रम अन्तर्गत रोल्पा जिल्लाको लुङ्ग्री गाउँपालिकामा सञ्चालन कार्यक्रमको सम्बन्धमा आवश्यक कार्य गर्नका लागि पत्राचार भएकोछ। त्यसलाई कार्यान्वयन गर्नुपर्ने भएको। | प्राप्त निर्देशन बमोजिम कार्य गर्ने। |
| २.८ | लुङ्ग्री गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक बजेटमा समावेश भएको कृषि तथा पशु | लुङ्ग्री गाउँपालिकासँग साबिकमा पनि साझेदार गर्दै आएको हेफर प्रोजेक्ट इन्टरनेशनल नेपालले यस गाउँपालिकामा कृषि तथा पशुसँग | देहाय बमोजिम कृषि तथा पशु बस्तुमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम सञ्चालन कार्यविधि २०८२ निर्माण गरी,सोही बमोजिम कार्यक्रम सञ्चालन गर्ने। |

# २०८२/०८३ को ५ औं (पाचौं) गाउँकार्यपालिका बैठकका निर्णयहरु:

(मिति २०८२/०७/२७)

(३)

| | | | |
|---|---|---|---|
| | विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यक्रममा गैरसरकारी संस्था हेफर प्रोजेक्ट ईन्टरनेशनल नेपालसँग साझेदारी गर्ने सम्बन्धमा। | सम्बन्धित कार्यक्रम अन्तर्गत कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यक्रम" मा आफूले पनि साझेदारी गर्न इच्छुक रही प्रस्ताव पेश गरेको छ। त्यस सन्दर्भमा आवश्यक सहकार्य गरी अगाडि बढ्नु पर्ने देखिएको। | |
| २.९ | सूचिकृत बेरोजगारको विवरण स्विकृत सम्बन्धमा | लुङ्ग्री गाउँपालिकामा रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुको अद्यावधिक विवरण स्विकृत गर्नुपर्ने भएको। | लुङ्ग्री गाउँपालिकामा रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुको अद्यावधिक विवरण स्विकृत गर्नुपर्ने भएकोले यस पालिकामा ९४ जना पुरुष र ३६९ महिला गरी ४६३ जनालाई बेरोजगार स्विकृत गर्ने। |
| २.१० | संघीय सशर्त अनुदानबाट सञ्चालित हुने म स्वास्थ्य मेरो समुदाय स्वस्थ, घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमको लागि जनस्वास्थ्य अधिकृत नियुक्त गर्ने सम्बन्धमा | म स्वास्थ्य मेरो समुदाय स्वस्थ, घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमको लागि जनस्वास्थ्य अधिकृत नियुक्त गर्नुपर्ने भएको हुँदा त्यसको लागि विज्ञापन आव्हान गरी छनौट गर्नुपर्ने भएको। | लुङ्ग्री गाउँपालिकाको करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७९ बमोजिम विज्ञापन आव्हान गरी जनस्वास्थ्य अधिकृत नियुक्त गर्ने। |
| २.११ | लुङ्ग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय तथा वरीपरी सरसफाई गर्ने सफाई कर्मचारी नियुक्त गर्ने सम्बन्धमा | लुङ्ग्री गाउँपालिकाले स्विकृत गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षणमा व्यवस्था भए बमोजिम कार्यालयको लागि आवश्यक पर्ने सरसफाई गर्ने कर्मचारी नियुक्त गर्नुपर्ने भएको। | गाउँपालिकाको कार्यालयमा सरसफाई गर्नको लागि ज्यालादारीमा एक जना महिला कर्मचारी नियुक्त गर्ने। |
| २.१२ | सशस्त्र प्रहरी बल नेपाल रोल्पाले आफ्नो कार्यालयको हाताभित्र महिला सेल निर्माण गर्नका लागि आवश्यक सहयोग उपलब्ध गराईदिन अनुरोध गरेको सम्बन्धमा | सशस्त्र प्रहरी बल नेपाल रोल्पाले कार्यालयमा महिला कर्मचारिहरुको लागि सेल निर्माण गर्नका लागि केही रकम सहयोग गर्न अनुरोध गरेकोले सो सम्बन्धमा निर्णय गर्नुपर्ने भएको। | सशस्त्र प्रहरी बल नेपाल रोल्पालाई आवश्यक कार्य गर्नका लागि रु.२५,०००/- (पच्चीस हजार रुपैयाँ) बराबरको सिमेन्ट उपलब्ध गराउने। |

लुङ्ग्री गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ कौं लागि संघीय विशेष अनुदान प्राप्त लुङ्ग्री गाउँपालिकाको शिक्षा क्षेत्र योजना अन्तर्गत बजेटको कार्यान्वयनका लागि प्रस्तावित कार्यक्रम तर्फ यस वर्षका लागि स्विकृत कार्यक्रमहरु

| क.स. | कार्यक्रम | कार्यक्रम अन्तर्गत गरिने क्रियाकलाप | लागत अनुमान | जम्मा कार्यक्रमगत |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाको आवश्यक बजेट | न्यूनतम मापदण्डमा आधारित प्रारम्भिक बाल विकास केन्द्रको कक्षाकोठा र बसाई व्यवस्थापन खर्च | २००००० | ३५०००० |
| | | पोषण तथा स्वास्थ्य सरसफाई सम्बन्धी प्रारम्भिक बालविकास शिक्षकहरुका लागि २ दिने अभिमुखिकरण कार्यक्रम | १५०००० | |
| २ | आधारभूत शिक्षाका प्रमुख क्रियाकलापमा आवश्यक बजेट | बालमैत्री विद्यालयका लागि विद्यालय भित्ता लेखन तथा आर्ट लेखाई | ४००००० | २३१०००० |
| | | स्थानीय पाठ्यपुस्तक (कक्षा १-३) को निर्माण | २५०००० | |
| | | विद्यार्थी तथा शिक्षकहरुको हस्तलेखन सिप क्षमता विकास कार्यक्रम | १६०००० | |
| | | गुणस्तरीय शिक्षा तथा विद्यालय व्यवस्थापन सम्बन्धी २ दिने विद्यालय स्वास्थ्य सचेतना (सिकाइ अभिवृद्धि) क्षमता विकास अभिमुखिकरण कार्यक्रम | १५००००० | |
| ३ | माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरु | विद्यालय तथा शिक्षण सिकाईका लागि प्रविधिको प्रयोग (AI & IT) सम्बन्धि तालिम | ४५०००० | २०००००० |
| | | शिक्षक क्षमता विकास कार्यक्रम (२ दिने तालिम) | ३५०००० | |
| | | गाउँपालिका तथा समुदायको सहभागितामा लागु औषध नियन्त्रण सम्बन्धी सचेतना मूलक कार्यक्रम | ५००००० | |
| | | विज्ञान प्रविधि सामाग्री खरिद सम्बन्धी | ७००००० | |
| ४ | पाठ्यक्रम र मूल्याङ्कन क्रियाकलापमा आवश्यक बजेट | कक्षा १-३ को विद्यार्थी मूल्याङ्कनमा पुस्तिका(रुब्रिक्स) छपाई तथा वितरण | ४००००० | ४००००० |

| | | | | |
|---|---|---|---|---|
| ५ | शिक्षक व्यवस्थापन र विकासका लागि आवश्यक बजेट | प्रार्थना व्यवस्थापन सम्बन्धित PI एवम् विद्यार्थी, शिक्षक, अभिभावक तथा जनप्रतिनिधिका लागि ३ दिने व्यवहारिक उत्प्रेरणा कार्यक्रम | ४००००० | ६००००० |
| | | HEMS सम्बन्धी काम गर्ने शिक्षक तथा प्र.अ. लाई सो सम्बन्धी तालिम | २००००० | |
| ६ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि आवश्यक बजेट | स्थानीय-तह अन्तर्गत शैक्षिक मेला प्रदर्शनी | २१०००० | २१०००० |
| ७ | प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि आवश्यक | प्राविधिक धार सञ्चालन भएको विद्यालयको लागि कृषि बालि विज्ञान विशेष ल्याब सञ्चालनका लागि सामाग्री खरिद | ४००००० | ४००००० |
| ८ | शैक्षिक समता र समावेशीकरणका क्रियाकलापका लागि | कक्षा १० का विद्यार्थीहरुको अतिरिक्त कक्षा सञ्चालनका लागि आवश्यक सहयोग (प्रति विद्यार्थी ३ महिनाका लागि प्रति महिना रु.५०० - का दरले। | ५५०००० | ५५०००० |
| ९ | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रमका लागि आवश्यक बजेट | विद्यालयहरुमा प्याड डिस्पोजल मेसिन खरिद तथा वितरण | ३००००० | ३००००० |
| १० | विद्यालयमा भौतिक पूर्वाधार विकास र स्थलको वातावरणीय प्रभाव अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तर्जुमा | माध्यमिक विद्यालय छेउदर खानेपानी निर्माण | २००००० | ४६१५००० |
| | | प्रदेशसँग साझेदारीमा गौरीशंकर मा.वि.को तला थपको लागि नपुग बजेट | ६६५००० | |
| | | सरिकोट प्रा.वि. भवन मर्मत योजना | २५०००० | |
| | | सामाजिक मा.वि मा ढल निकास तथा कक्षा कोठामा आवश्यक फर्निचर खरिद योजना | २५०००० | |
| | | सिम्लेनी बालविकास केन्द्र रङरोगन योजना | १५०००० | |
| | | जनता प्रा.वि. बलाले अधुरो भवन निर्माण योजना | १०००००० | |
| | | बालविकास प्रा.वि. घोडाढुङ्गा भवन संरक्षणको लागि संरचना निर्माण | ३००००० | |
| | | शिशु कल्याण प्रा.वि. गोटिखाडको भवन मर्मत तथा रेलिङ निर्माण | ४५०००० | |

| | | | | |
|---|---|---|---|---|
| | | ज्ञानज्योती शिशु विकास केन्द्रको शौचालय निर्माण | २००००० | |
| | | जनचेतना बालविकास केन्द्र निम्चेडाँडा वेरीको विद्यालय भवन निर्माण योजना | ७००००० | |
| | | जनकल्याण प्रा.वि, लुङ्ग्री-१ खड्र को भवन मर्मत | ४५०००० | |
| ११ | आपतकालिन तथा सङ्कटकालिन अवस्थामा शिक्षा | विद्यालयस्तरमा जु.रे.स, यु.रे.स गठन तथा निजहरुलाई विपद व्यवस्थापन, खोज, उद्दार सम्बन्धी तालिम | १५०००० | २०५००० |
| | | ज्ञानज्योती शिशु विकास केन्द्रको शिशु कक्षाको बसाई व्यवस्थापन खर्च | ५५००० | |
| १२ | विद्यालयमा सूचना तथा संचार प्रविधि व्यवस्थापन | हाल नभएका विद्यालयहरुमा डेस्कटप कम्प्युटर वितरण (१२ सेट) | १०००००० | १७८०००० |
| | | विद्यालयहरुमा पहिले कम्प्युटर वितरण गरिएकोमा त्यसको CPU बिग्रिएर रोकिएको अवस्थामा हुँदा त्यस्तो विद्यालयमा CPU वितरण (४ वटा) | २००००० | |
| | | विद्यालयको प्रशासनिक कार्यमा सहजता ल्याउनका लागि प्रिन्टर वितरण (हाल नभएका ५१ विद्यालयमा) | ५८०००० | |
| १३ | सुशासन तथा व्यवस्थापन | प्रत्येक विद्यालयमा अनिवार्य रुपमा E-Hajiri व्यवस्थापन तथा सञ्चालन (सुरुमा ३७ वटा विद्यालय) | ८५०००० | १८५०००० |
| | | विद्यालयहरुमा आवश्यक फर्निचर व्यवस्थापन | १०००००० | |
| १४ | शिक्षा योजना कार्यान्वयनको प्रवन्ध | लुङ्ग्री शिक्षा डायरी छपाई तथा वितरण | ३००००० | ३००००० |
| १५ | अनुगमन तथा मूल्याङ्कन व्यवस्थापन | अनुगमन मूल्याङ्कन सम्बन्धी कार्य | १५०००० | १५०००० |
| कुल जम्मा | | | | १६५००००० |